पाखीबास नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
पाखीबास, धनकुटा
२०७३
१ नं. प्रदेश नेपाल

# सिलबन्दी बोलपत्र आह्वानसम्बन्धी सूचना

*प्रथमपटक प्रकाशनमिति : २०७५/१०/१०*

पाखीबास नगरपालिकाका वडा नम्बर ९ र १० मा निर्माण गरिने तपसिलअनुसारका सडक निर्माणकार्य सिलबन्दी बोलपत्रबाट गराउनुपर्ने भएकोले नेपाल सरकारबाट इजाजतप्राप्त इच्छुक, योग्य नेपाली निर्माण व्यवसायीहरूका लागि निम्न शर्तहरूको अधीनमा रही रीतपूर्वकको सिलबन्दी बोलपत्र आह्वान गरिन्छ ।

१. बोलपत्र खरिद प्रक्रिया EGP को माध्यमबाट मात्र गरिएकोले website: www.bolpatra.gov.np/egp बाट bid document हरु मिति २०७५/११/१० गते कार्यालय समयसम्ममा download गर्न सकिनेछ । e -submission का लागि बोलपत्र खरिद दस्तुरबापत राजस्व खातामा जम्मा गरेको र सम्बन्धित ठेक्का नं. र निर्माणकार्यको नाम खुलेको राजस्व दाखिला भौचर electronic bid files साथै पेस गर्नुपर्नेछ ।

२. e-bidding मार्फत document खरिद गर्नको लागि रकम जम्मा गर्ने बैंकको विवरण निम्नानुसार रहेको छ । फ्याक्स ट्रान्सफर आदिमार्फत गरिने खरिदउपर कारबाही गरिनेछैन ।
बैंकको नाम :- NIC Asia Bank, Hile Branch सञ्चित कोष खाता नं. :- 88CA502647524001

३. बोलपत्रदाताको व्यवसाय दर्ता प्रमाणपत्र, व्यवसाय इजाजत प्रमाणपत्र, स्थायी लेखा नम्बर/मूल्य अभिवृद्धि करदर्ता प्रमाणपत्र र आ.व. २०७४/०७५ को करचुक्ताको प्रमाणपत्रको प्रतिलिपि पेस गर्नुपर्नेछ ।

४. बोलपत्र फारम मिति २०७५/११/१२ गते दिनको १२.०० बजेभित्र e-submission गर्न सकिनेछ । e-submitted बोलपत्रहरू सोही दिनको १.०० बजे यस कार्यालयमा उपस्थित बोलपत्रदाताहरू वा निजको अधिकारप्राप्त प्रतिनिधिहरू र विभिन्न कार्यालयका प्रतिनिधिहरूको रोहबरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न कुनै बाधा पर्नेछैन ।

५. बोलपत्र कागजात खरिद गरिने अन्तिम दिन वा बोलपत्र बुझाउने अन्तिम दिन विदा पर्न गएमा सोको लगत्तै कार्यालय खुलेको दिन बोलपत्र खरिद गर्न र बुझाउन सकिनेछ ।

६. बोलपत्रसाथ NIC Asia Bank, Hile Branch स्थित पाखीबास नगरपालिकाको धरौटी खाता नं. 88CA502647524003 मा फर्मको नामबाट तपसिलमा उल्लिखित बोलपत्र जमानतबापतको रकम जम्मा गरेको भौचर वा बोलपत्र पेस गर्ने अन्तिम मितिदेखि कम्तीमा १२० (एक सय बीस दिन) म्याद भएको नेपाल सरकारबाट मान्यताप्राप्त 'क' वर्गका वाणिज्य बैंकहरूबाट यस कार्यालयको नाममा जारी गरिएको जमानीपत्र (बिडबण्ड) पेस गर्नुपर्नेछ । सो जमानीपत्र/भौचरमा सम्बन्धित ठेक्का नं र निर्माणकार्यको नाम उल्लेख भएको हुनुपर्नेछ । सम्झौता सम्पन्न भएपछि मात्र बोलपत्र जमानतबापतको रकम फिर्ता गरिनेछ ।

७. एउटा फर्मका नामबाट खरिद गरिएको बोलपत्र कागजात अर्को फर्मका नाममा दाखिला गर्न पाइनेछैन ।

८. स्थानीय तथा नेपाल सरकारलाई बुझाउनुपर्ने सबै प्रकारका करहरू बोलपत्रदाता स्वयम् आफैले बुझाउनुपर्नेछ ।

९. अन्य विस्तृत विवरण Bid Document को Bid Data Sheet मा उल्लेख गरिएको छ । सो सम्बन्धमा आवश्यक पर्ने प्रमाणहरू पेस गर्ने जिम्मेवारी बोलपत्रदाताको हुनेछ ।

१०. सूचना तथा बोलपत्र कागजातको शर्तविपरीत भएको वा कुनै थपघट गरिएको, रीत नपुगेको, म्याद नाघी पेस हुन आएको बोलपत्रउपर कुनै कारबाही गरिनेछैन ।

११. बोलपत्रको परीक्षण बोलपत्र कागजातअनुसार हुनेछ र परीक्षण गर्ने भए लाग्ने सम्पूर्ण खर्च कबोल दररेटमा नै समावेश गर्नुपर्नेछ ।

१२. बोलपत्रदाताहरुले आफ्नो बोलपत्र दाखिला गर्नुअगावै बोलपत्रमा उल्लिखित विवरणअनुसार परियोजनाको स्थलगत निरीक्षण गरी पेस गर्न सकिनेछ ।

१३. e -submission सम्बन्धी जानकारी Annex 1 मा राखिएको छ तथा सार्वजनीक खरिद अनुगमन कार्यालयको website बाट हेर्न सकिनेछ ।

१४. सूचनामा उल्लेख भएकोमा सोहीबमोजिम र अन्य विषयको हकमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४, प्रचलित ऐन, नियम तथा नगरपालिकाको निर्णयअनुसार हुनेछ ।

१५. बोलपत्र शर्तरहित मूल्य पत्रलगायत कार्यालयबाट उपलब्ध गराएका कागजात फारममा कुनै थपघट वा द्रष्टव्य नलेखिएको हुनुपर्नेछ ।

१६. सिलबन्दी बोलपत्रको अन्य कागजातमा (भाषागत समेत) त्रुटि भएमा वा विषय वा प्रसंगले अन्य अर्थ लागेमा कार्यालयले कुनै बेला सच्याउन बाधा पर्नेछैन । कार्यालयको हितलाई ध्यानमा राखी सबै बोलपत्र, पूरै वा आंशिक रुपमा स्वीकार/ स्वीकृत गर्ने वा अस्वीकार गर्ने वा सूचना नै रद्द गर्नेलगायतका सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहेको छ ।

१७. वोलपत्र सम्वन्धि थप जानकारीका लागि कार्यालय समयमा यस कार्यालयको प्राविधिक शाखामा सम्पर्क गर्न सकिने छ ।

**सिलबन्दी बोलपत्रसम्बन्धी कार्यको विवरण**

| सि. नं. | ठेक्का नं. | कामको विवरण | लागतअनुमान रकम रु. (भ्याट, कन्टिन्जेन्सीबाहेक) | बोलपत्र जमानत रकम रु. | बोलपत्र फारम खरिद दस्तुर रु. | बोलपत्र खरिद गर्न सकिने अवधि |
|---|---|---|---|---|---|---|
| १. | पा.न.पा./०७५/०७६/०१ | पा.न.पा. ९ र १० स्थित धर्मशाला - मन्सीचौतारा - गम्बिरे - रायघाट - भोजपुर ग्रामीण सडक निर्माण तथा मर्मत गर्ने कार्य | १,१६,३८,००१।३० | ३,२९,०००।०० | ३,०००।०० | २०७५/११/१० कार्यालय समयसम्ममा |

**प्रमुख प्रशासकीय अधिकृत**